


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १३ गते शुक्रबार ❑ 26 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा प्रथम लेखनाथ खास्टेताल महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत



पोखराको खास्टे सहितका तीन वटा तालको प्रबर्द्धन गर्ने बिहीबार देखि पोखरा २६ साविक लेखनाथमा प्रथम खास्टे ताल महोत्सब २०७७ सुरु भएको छ।

खास्टे, न्यूरेनी र गुंदे तालको प्रबर्द्धन गरी स्थानिय उत्पादनको समेत प्रबर्द्धन गर्ने उद्देश्यले यही चैत २२ गतेसम्म संचालन हुने उत्त महोत्सवको एक समारोहका बिच गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्बीसुब्बा गुरुङले उद्घाटन गर्दै यस्ता महोत्सवले तालको समेत संरक्षणमा टेवा पुग्ने बताए।

लेखनाथका बेगनास र रुपाताल बाहेक अन्य ५ वटा तालहरुको खासै प्रचार प्रसार कमी भएकोले अब प्रदेश सरकारले सात तालको हबको रुपमा विकास गर्न खोजेको उनले जनाए । ताल संरक्षणमा स्थानिय जागरुक हुन आवश्यक भएको बताएका मुख्यमन्त्री गुरुङले जग्गा दाताले नै ताल संरक्षणमा अगुवाई गर्न आग्रह गरे । सांसद एवं पूर्व मन्त्री खगराज अधिकारीले तालहरुको एकिकृत ढंगबाट संरक्षण एवं प्रबर्द्धन गर्नु पर्ने बताए। पूर्व सभामुख तारानाथ रानाभाटले पोखराको पहिचान तालहरुको नगरी भएकोले ताल संरक्षणमा सवैको ध्यान केन्द्रित हुनु पर्ने बताए । कागेंस नेता एवं पुर्व मन्त्री यज्ञ बहादुर थापाले तालको प्रबर्द्धन गर्न महोत्सवले धेरै सहयोग पुग्ने विश्वास व्यत्त गरे । कार्यक्रम संयोजक हरि प्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा गण्डकीका सांसद दीपक कोइराला, जिल्ला समन्वय समितिका प्रमुख बयन बहादुर क्षेत्री, पोखरा महानगरपालिकाका मेयर मानहादुर जिसी लगायतले वोलेका थिए। लेखनाथ खास्टेताल महोत्सव जाऔं, प्रकृति र संस्कृतिमा रमाऔं भन्ने नाराका साथ आयोजना हुने उत्त महोत्सवमा १ सय वटा विभिन्न व्यापारीक स्टलहरु रहेको कार्यक्रम संयोजक अधिकारीले बताए । उक्त महोत्सवमा करिब एक करोड मुल्य बराबरको कारोवार गर्ने लक्ष्य राखिएको उनले जनाए । खाद्य, लत्ता कपडा, फेन्सि, जुत्ता चम्पल लगायतका एक सय वटा स्टल रहने भएको छ भने महोत्सवमा स्थानिय जातका माछा र ताल सम्बधि जानकारी गराउने स्टलहरु रहेको भएको संयोजक अधिकारीले बताए । जनसंख्या तथा स्वास्थ्य मन्त्रालयले कोरोनाको कारण मेला, महोत्सव सभा, सम्मेलन, जमघट नगर्न गरेको निर्देशन पश्चात आफुहरुले स्थानिय प्रशासनको सहकार्यमा स्वास्थ्य मापदण्डका कुरालाई पालना गर्दै महोत्सव सुरु गरिएको अधिकारीले जनाए ।

खास्टे तथा न्यूरेनी ताल संरक्षण विकास समितिको आयोजनामा संचालन हुने महोत्सव सम्पन्न गर्न ९७ लाख ५० हजार खर्च लाग्ने संयोजक अधिकारीले बताए। उत्त महोत्सवबाट ९८ लाख ५० हजार आम्दानी गरी एक लाख बचत गर्ने समितिले लक्ष्य राखेको संयोजक अधिकारीले जनाए। खरानीफाँटमा करिब ७ सय ३२ जना खास्टेताल मत्स्य तथा कृषि सहकारी संस्थामा आबद्ध भई सहकारी मोडलबाट ताल संरक्षण सहित माछा प्रबर्द्धन गर्दै आएको उनले जनाए । राष्ट्रिय संगितकर्मि संघ कास्की र खास्टेताल मत्स्य तथा कृषि सहकारी संस्थाको सहकार्यमा हुन लागेको महोत्सवमा नेपालका चर्चित गायक ,गायिकाको प्रस्तुति समेत रहने भएको समितिका सचिव ईश्वरी प्रसाद अधिकारीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'पासपोर्ट टु पोखरा' अफर ल्याइँदै

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

आन्तरिक पर्यटन पुनरुत्थान समिति (डिटिआरसी) गण्डकीले कोभिड-१९ का कारण सुस्ताएको पर्यटनलाई चलायमान बनाउन 'स्क्राच एण्ड वीन' मार्फत ' पासपोर्ट टु पोखरा' अफर ल्याउने तयारी गरेको छ।

पोखरामा आन्तरिक पर्यटकको आगमन दर बढाउन र पर्यटकलाई आकर्षित गर्नका लागि 'स्क्राच एण्ड वीन' मार्फत सो अफर ल्याउन लागिएको समितिका संयोजक अग्नि कँडेलले जानकारी दिए। "पर्यटक आउनुस् भनेर मात्र आउँदैनन्, केही विशेष र आकर्षक योजना चाहिन्छ । हामी त्यसैका लागि केही अफरको गृहकार्यमा जुटेका छौं", कँडेलले भने। उनका अनुसार विमानस्थलमा जहाजमा उड्ने यात्रुलाई बोर्डिङ पाससँगै र पर्यटक बसबाट यात्रा गर्ने यात्रुलाई टिकटसँगै 'पासपोर्ट टु पोखरा' को एउटा ब्रोसर पनि दिइन्छ।

उक्त ब्रोसरको माथि स्क्राच गर्ने ठाउँ हुनेछ। उक्त स्थानमा स्क्राच गरेपछि भाग्यमानी विजेताले त्यहाँ उल्लिखित सेवा निःशुल्क प्राप्त गर्नेछन् । काठमाडौंबाट विभिन्न स्थानमा जाने नेपाली यात्रुलाई लक्षित गरी यो अफर ल्याउन लागिएको हो । स्क्राच कुपनमा प्याराग्लाइडिङ, बञ्जि, र्‍याफ्टिङ, जीप लाइन, अल्ट्रालाइट, डुङ्गा, एयर टिकट, बस टिकट, होटल, पदयात्रा, साइट सिनलगायतका गतिविधि अफरमा समावेश हुनेछ । सो अफरका लागि पर्यटन सम्बद्ध सङ्घ संस्थाले आ-आफ्नो क्षेत्रसँग जोडिएका कुरालाई समावेश गर्नसक्ने छन् । सो योजनाका लागि पोखरा पर्यटन परिषद् (पिटिस) ट्रेकिङ एजेन्सिस एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल, पश्चिमाञ्चल होटल एशोसिएशन (हान), नेपाल एशोसिएशन अफ ट्राभल्स एण्ड टुर एजेन्टस (नाट्टा) रेष्टुराँ एण्ड बार एशोसिएसन (रेवान), ट्रेकिङ इक्युपमेन्टसप एशोसिएशन (टेसा) नेपाल माउण्टेनरिङ. एशोसिएशन (एनएमए) नेपाल हवाई खेलकूद सङ्घ (ना), इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएशन (ऐगा), डुङ्गा व्यवसायी, माता तालबाराही आरती सेवा समितिलगायत अन्य सङ्घ संस्थासँग समन्वय र सहकार्य गरेर विशेष प्याकेज ल्याउने तयारी गरिएको हो।

कँडेलका अनुसार प्रारम्भिक चरणमा नेपाली नागरिकलाई मात्र लक्षित यो योजनालाई सार्वजनिकसँगै अन्य योजनामा समिति जुट्ने छ । त्यसैगरी गण्डकी प्रदेशको मनाङबाहेकका जिल्लामा उपसमिति बनेको र उक्त जिल्लाबाट पनि स्थान विशेषका पर्यटन 'प्रोडक्ट' र गतिविधिका बारेमा जानकारी मागिएको छ । कोभिड-१९ पछि पर्यटनमा नवीनतम सोच र विशेष योजनाको आवश्यकतासँगै प्रदेशको पर्यटकीय विषयसँग जोडेर प्राकृतिक, सांस्कृतिक र धार्मिक गतिविधिलाई जोड दिने कार्यक्रमसमेत ल्याउने तयारीमा समिति जुटेको संयोजक कँडेलले भनाइ छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले कोभिड-१९ पछि पर्यटनको अवस्थालाई गति दिन आन्तरिक पर्यटनलाई जोड दिनुपर्ने बताए । उनले विशेष योजना र प्याकेजबाट पर्यटकलाई आकर्षित गर्न सकिने जनाउँदै विभिन्न सङ्घ संस्थासँग समन्वय र सहकार्यमार्फत केही नवीनतम योजना सार्वजनिक गर्न लागिएको बताए । देशका सातै वटा प्रदेशमा आन्तरिक पर्यटन पुनरुत्थान समिति गठन गरी सोअनुसार पर्यटकीय गतिविधि अगाडि बढेको उनको भनाइ छ । "पर्यटकलाई कसरी आकर्षित गर्न सकिन्छ भन्ने तयारीसँगै अहिले 'पासपोर्ट टु पोखरा' योजना तयारीमा छौं, यसले पर्यटकमा एउटा उत्साह थपिदिने विश्वास लिएका छौं ।" उनले अबको पर्यटनमा नवीनतम सोचको आवश्यकतासँगै यस विषयमा सरोकारवालासहितको राय सुझावसहित 'वर्कआउट' गरिरहेको जानकारी दिए । उनले प्रदेशका पर्यटकीय गन्तव्यसँगै सांस्कृतिक, धार्मिक, प्राकृतिक पक्षलाई उजागार गर्ने कार्यक्रमलाई समेत बोर्डले जोड दिँदै आएको बताए।

## बजाज शुन्य अफरमा नारान परियारले जिते १ लाख

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

बजाज शुन्य अफरमा पोखरा-१५ कास्कीका नारान परियारले १ लाख जितेका छन्।

बजाज अफर अन्तर्गत नयाँ बर्षको 'वजाज शुन्य अफर'मा बिहीबार डिस्कभर १२५ सि.सि. को मोटरसाईकल खरिदमा उनले १ लाख जितेका हुन्।

सो अवसरमा संस्थाबाट मो.सा.को हस्तान्तरण हंशराज हुलासचन्द एण्ड कम्पनी प्रा.लिका रिजनल अफिसर संजिव खनालले गरेका थिए । पोखराको बजाज डिलर इच्छाशक्ति अटोमोवाइल्स प्रा.लि.का प्रबन्धक भगवान विजुक्छेले १ लाख नगद रकम नारान परियार लाई प्रदन गर्दै हार्दिक बधाई दिएका थिए।



## बजेट राहत प्याकेजमा केन्द्रीत होस् : पोउवा संघ

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत




पोखरा उद्योग वाणिज्य संघले आगामी बजेट कोभिड-१९ ले अर्थतन्त्रमा पुऱ्याएको असर न्यूनिकरण गर्ने र निजी क्षेत्रलाई राहत दिनेखालको हुनुपर्ने माग दोहोऱ्याएको छ।

पोखरा उद्योग वाणिज्य संघ तथा आइबिएन मिडिया एण्ड रिसर्चले बिहीबार पोखरामा आयोजना गरेको आउँदोको बजेट तथा गण्डकी प्रदेशको अपेक्षा विषयक अन्तरक्रिया कार्यक्रममा संघका अध्यक्ष नारायण कोइरालाले सो माग दोहोऱ्याएका हुन् । उनले कोभिड-१९ को दोस्रो लहर सुरु भएको र यसले समग्र आर्थिक क्षेत्रमा प्रभाव पार्नसक्ने देखिएकोले बजेट राहत प्याकेजमा केन्द्रित हुनुपर्नेमा जोड दिए । 'गिर्दो अर्थतन्त्र उकास्नका लागि सरकारबाट घोषित कार्यक्रम कार्यान्वयनमा सुस्तता देखिएको छ,राजनीतिक तरलताले लगानी सुरक्षित नहुने जोखिम बढेको छ', उनले भने,' लागत बढ्ने र उत्पादकत्व घट्ने परिस्थिति निजी क्षेत्रको लागि अभिषाप भएको छ अबको बजेट वर्तमान परिस्थितिले सृजना गरेका समस्या सल्टाउने बजेट आओस् ।'

उनले गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङ तथा संघीय सरकारको बजेट निर्माणमा सल्लाहकारको भूमिका निर्वाह गर्दै आएका अर्थशास्त्री केशव आचार्यलाई संघको तर्फबाट बजेटमा समेटिनुपर्ने विषयहरु लिखित रुपमै हस्तान्तरण गरे । अध्यक्ष कोइरालाले नीतिगतसहित उद्योग,निर्यात,कृषि,राजश्व र कर,पर्यटन, यातायात क्षेत्रको लागि सरकारले दिनुपर्ने सुविधाबारे बिस्तृत सुझाव पेश गरेका हुन्।

कार्यक्रममा बोल्दै गण्डकीका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले गण्डकी सरकार निजी क्षेत्रको माग संवोधन गर्न सकारात्मक भएको बताए। नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष दामु अधिकारीले विद्युतीय कारोबारलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए। उनले उद्योगको कच्चा पदार्थ र विद्युतीय सामानहरुमा भन्सार छुटको माग पनि गरे। महासघंका केन्द्रीय सदस्य तथा लेखनाथ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष बाबुराम गिरीले बजेट वितरणमुखी हैन कि अर्थतन्त्र उकास्ने खालको हुनुपर्नेमा जोड दिए। अर्थशास्त्री केशव आचार्यले मानव विकास सूचकांकमा गण्डकी प्रदेश अगाडि रहेको तथ्य पेश गर्दै सरकारले आउँदो बजेट सार्वजनिक स्वास्थ्यको क्षेत्रमा लगाउनुपर्ने धारणा राखे । उनले गण्डकीको अर्थतन्त्रमा सेवा क्षेत्रको ५२.६४ प्रतिशत योगदान रहेकोले पनि सेवा क्षेत्र तहसनहस हुँदा अर्थतन्त्र खस्कनसक्ने चिन्ता व्यक्त गरे । उनको कार्यपत्रमाथि टिप्पणी गर्दै प्राध्यापक प्राध्यापक डाक्टर यादव शर्मा गौंडेलले बजेट विनियोजन गर्दा कार्यप्रगतिलाई आधार बनाउनुपर्ने बताए । पृथ्वीनारायण क्याम्पसका अर्थशास्त्र विभागका अध्यक्ष लेखनाथ भट्टराईले गण्डकी प्रदेश सरकारले पर्यटन, जलस्रोत र जडिबुटीको क्षेत्रमा बढी लगानी गर्नुपर्ने बताए। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीकी महिला उद्यमी विकास समिति सदस्य रामकली खड्काले विदेशी मुद्रा भित्र्याउने हस्तकला उद्योगलाई विशेष सहुलियत र प्राथमिकता दिनुपर्ने माग गरिन् । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न बिदा पर्यटनको अवधारणा कार्यान्वयन हुनुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष गोकर्ण कार्कीले आउँदो बजेटले उत्पादनमूलक क्षेत्रलाई विशेष महत्व दिनुपर्ने तथा रुग्ण उद्योगलाई सहुलियत प्याकेजको माग गरे । पोखरा उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य पवित्रा गुरुङले महिला उद्यमीहरुको उत्पादन बिक्रीको लागि कोसेली घर बनाउनुपर्ने बताइन् ।सुनचाँदा व्यवसायी संघ कास्कीका महासचिव तारा गौतमले सुनको आपूर्ति बढाउन माग गरे । थोक व्यवसायी संघ कास्कीका अध्यक्ष लेखनाथ सुवेदीले कर तिर्ने व्यवसायीहरुको संरक्षण हुन नसकेको गुनासो गरे । पर्यटन व्यवसायी पुष्पराज बरालले होमस्टेलाई अनुदान दिने प्रदेश सरकारको नीति गलत भएको बताए । नेसनल लाइफ इन्स्योरेन्सका गण्डकी प्रमुख केशवराज ढकालले पेन्सन योजना नै इन्स्योरेन्स कम्पनीलाई दिनुपर्ने माग गरे । जनप्रिय बहुमुखी क्याम्पसका उपप्राध्यापक विश्वमोहन अधिकारीले सरकारबाट घोषित राहत प्याकेजहरु सबै व्यवसायीसम्म नपुगेको तथ्य प्रस्तुत गरे। आइबिएन मिडिया एण्ड रिसर्च सेण्टरका प्रबन्ध निर्देशक हृदय गौतमले बजेटमा निजी क्षेत्रका भावना प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए।



# यही चैत्र १७ र १८ गते पोखरामा जनजाति प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा आदिवासी जनजाति संघका विभागीय प्रमुख सीता गुरुङले लोकतन्त्र बचाउनको लागि कांग्रेसको नेतृत्व आवश्यक रहेको बताएकी छन् ।

आदिवासी जनजाति संघ गण्डकी प्रदेशद्धारा बिहीवार पोखरामा आयोजित पत्रकार सम्मलनमा वोल्दै उनले सो कुरा वताएकी हुन् ।

उनले आदिवासी जनजातिहरु कम्युनिष्ट हुन नसक्ने बताउदै लोकतन्त्र रक्षाको लागि जनजातिहरु एक हुनको विकल्प नभएको बताइन् । सामाजिक सांस्कृतिक रुपमा लोकतन्त्र वचाउन कांग्रेसको सरकार नै अपरिहार्य भएको उनले वताएकीछन् । उनले यही चैत्र १७ र



१८ गते पोखरामा जनजाति प्रशिक्षण आयोजना गरिने बताइन् । गण्डकी प्रदेशका ११ जिल्लाका करिव १ सय ५० जना कार्यकर्ताहरु सो प्रशिक्षण कार्यक्रममा सहभागी हुने उनले बताएकी छन् । सो प्रशिक्षण सम्पन्न भए लगत्तै देशका अन्य प्रदेशमा पनि प्रशिक्षण कार्यक्रम आयोजना गरिने उनले बताइन् । सवैको पहिचान भेटिने र जातिय द्धन्द्ध मेटिने गरी प्रशिक्षणमा सहजिकरण गरिने उनले वताएकी छन् ।

सो अवसरमा वोल्दै पूर्व मन्त्री इन्द्रवहादुर गुरुङले कांग्रेसले वाहेक अरु कुनै पार्टीले जनजातिको अश्थित्व स्वीकार गर्न नचाहने वताए । आदिवासी जनजाति संघ गण्डकी प्रदेशका संयोजक जीतवहादुर गुरुङको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# डिमाण्ड शुल्कमा छुट दिने निर्णयको होटल संघद्वारा स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

होटल प्रतिष्ठानहरुलाई विद्युत् डिमाण्ड शुल्कमा छुट दिने संघीय मन्त्रिपरिषद्को निर्णयलाई पश्चिमाञ्चल होटल संघ पोखराले हार्दिक स्वागत गरेको छ ।

संघका अध्यक्ष विकल तुलाचनले विहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ- होटल संघले गरेको बारम्बारको आग्रहमा होटल उद्योगहरुलाई २०७६ चैत्र ९ गतेदेखी २०७७ भाद्र मसान्त सम्मको विद्युत माग शुल्कमा शत प्रतिशत र २०७७ असोज १ गते देखी माघ मसान्त सम्मको माग शुल्कमा पचास प्रतिशत छुट दिने मन्त्रीपरिषदको निणर्यलाई स्वागत गर्दै नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

कोभिड- १९ बाट अति



प्रभावित व्यवसायको रुपमा रहेको होटल तथा पर्यटन क्षेत्र बैंक तथा वित्तीय संस्थाको ऋणको दायित्वका साथै विभिन्न कर, कर्मचारीको पारिश्रमिक र व्यवसाय संचालन खर्च समेत धान्न नसक्नेगरी विषम परिस्थितिबाट गुज्रिरहेको छ । विद्युत् माग शुल्क सम्बन्धमा मन्त्रिपरिषदबाट भएको उक्त निणर्यले संक्रमणका कारण होटल तथा पर्यटन व्यवसायमा देखा परेको संकटबाट केही हदसम्म भए पनि जोगाई व्यवसायलाई निरन्तरता प्रदान गर्न राहत पुग्ने संघले जनाएको छ ।

नेपाल सरकारद्वारा चालू आर्थिक बर्षको नीति तथा कार्यक्रम मार्फत् कोभिड १९ बाट प्रभावित व्यवसायीलाई राहत स्वरुप विभिन्न ५८ वटा उत्पादनमुलक उद्योगलाई मात्र विद्युत डिमान्ड र महशुल शुल्कमा छुट तथा सहुलियत प्रदान गरेता पनि होटल क्षेत्रलाई सरकारले व्यापार व्यवसाय बन्दाबन्दीमा राखेर डिमान्ड शुल्क लिदै आएको थियो । लकडाउन र बन्दाबन्दीको अवस्थामा पनि विद्युतको डिमान्ड शुल्क र जरिवाना जस्ता प्रावधानले व्यवसायीहरु समस्यामा परेका थिए । संघले विद्युत माग शुल्क र होटलहरुलाई पनि अन्य उद्योग सरह विद्युत महशुल निर्धारण सम्बन्धमा पटक पटक प्रदेश सरकार, नेपाल विद्युत प्राधिकरणको प्रदेश कार्यालय, विद्युत नियमन आयोग, नेपाल विद्युत प्राधिकरण, अर्थ मन्त्रालयमा ध्यानाकर्षण गराउँदै आएको भएता पनि लामो समयको अनिर्णयका कारण व्यवसायीहरु उक्त माग शुल्क बुझाउन वाध्य हुँदै आएका थिए ।

# खुल्ला फुटसलमा 'टिम डुङ्गा' च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पोखरामा सम्पन्न राजन प्रिजेन्टस् 'प्रथम खुल्ला फुटसल प्रतियोगिताको उपाधि घरेलु टोली टिम डुङ्गाले जितेको छ ।

पोखरा-४ गणेशटोल स्थित स्पोर्टस क्यासलमा आज (बिहिबार) भएको फाईनल खेलमा ढुकु फुटसल हब काठमाडौंलाई ट्राईबेकरमा ३-२ गोल अन्तरले पराजित गर्दै टिम डुङ्गाले उपाधि रक्षा गरेको हो । गोलरहित निर्धारित समय सकिएपछि खेल ट्राईबेकरमा धकेलिएको थियो । डुङ्गाका गोलरक्षक अनिश श्रेष्ठले ट्राईबेकरमा १ गोल बचाउदै टिमलाई च्याम्पियन बनाए । सो खेलबाट श्रेष्ठ म्यान अफ द म्याच घोषित हुदै ५ हजार र ट्रफी प्राप्त गरे । उपाधि जितेको टिम डुङ्गाले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ३ लाख प्राप्त गर्यो । भने उपविजेता बनेको पाहुना टोली ढुकु फुटसल हब




काठमाडौले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु १ लाख ५० हजार हात पार्यो ।

उक्त प्रतियोगिताबाट सर्बोत्कृष्ट खेलाडी र उत्कृष्ट गोलरक्षकको रुपमा डुङ्गाका अनिश श्रेष्ठ घोषित हुदै ट्रफी र नगद ३५ हजार प्राप्त गरे । यसैगरी उदीयमान खेलाडीका रुपमा फङ्की बिन्सका अविनाश तामाङ ट्रफी र नगद रु १० हजार सहित पुरस्कृत बने । भने अनुशासित टिमको रुपमा स्पोर्टस् क्यासलले शिल्ड प्राप्त गर्यो । सोही कार्यक्रमका बिच नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान तथा प्रशिक्षक राजु काजी शाक्यलाई दोसल्ला तथा सम्मान पत्रद्वारा सम्मान समेत गरिएको थियो ।

विजेता तथा उपविजेता टोलीका खेलाडीहरुलाई समापन कार्यक्रममा प्रमुख अतिथि समेत रहेका राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश कुमार सिलवाल, राखेप सदस्य राजेश गुरुङ, गोकर्ण श्रेष्ठ, डुङ्गा रेष्ट्रो एण्ड लाउन्ज बारका सञ्चालक राजेश गुरुङ, पूर्व राष्ट्रिय खेलाडी राजु काजी शाक्य, राजन गुरुङ, डोय तमुधिका निवर्तमान अध्यक्ष जंग बहादुर गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए ।

यस अघि बोल्दै प्रमुख अतिथि सिलवालले स्वस्थ्य रहन खेलकुमको भुमिका महत्वपूण रहने बताए । उनले पोखरामा फुटबलको विकास भैरहेको बताउदै पुरुष सहित महिला फुटसल/ फुटबल प्रतियोगिता आयोजना गर्न समेत सुझाए । सदस्य सचिव सिलवालले कुनै व्यक्ति तथा निजी संस्थाले नेपालै सर्वाधिक ठुलो उपाधि राशिको प्रतियोगिता आयोजना गरिनु उदाहरणीय कार्य रहेको उल्लेख गर्दै अरुले पनि अनुकरण गर्नुपर्ने धारणा राखेका थिए । गत १० गते मंगलबार देखि 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा सहित सञ्चालनमा रहेको उक्त प्रतियोगितामा देशभरका कुल २७ टिमको सहभागिता रहेको थियो ।

# पोखरा स्पोर्टस् अवार्ड लाइफ टाइम अचिभमेन्ट अवार्डमा प्रायोजन

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पाँचौं पोखरा स्पोर्टस् अवार्ड-२०७६/०७७ मा प्रदान गरिने लाइफ टाइम अचिभमेन्ट अवार्डलाई प्रायोजन सम्झौता भएको छ ।

पोखरा लेकसिटीका निर्देशक डा. विष्णु नेपाली र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष एकराज गिरीबीच सहमतिपत्रमा बिहीबार सम्झौता भएको हो । खेल गतिविधिले मानव स्वास्थ्यमा सहयोग पुग्ने उल्लेख गर्दै डा. नेपालीले मञ्चले आयोजना गरेको स्पोर्टस् अवार्ड सबैको लागि महत्वपूर्ण रहेको बताए ।

मञ्च अध्यक्ष गिरीले स्पोर्टस् अवार्डमा सहयोगदाता रुपमा जोडिएकोमा आभार व्यक्त



गर्दै सम्पूर्णको सहयोगबाट अवार्ड सभ्य र भव्य रुपमा सम्पन्न गर्न मद्दत मिल्ने बताए ।

गण्डकी प्रदेशकै गौरव पोखरा स्पोर्टस् अवार्डमा यसपालि विभिन्न ७ विधामा अवार्ड प्रदान गरिनेछ । मञ्चले २०७८ वैशाख २० मा पोखरा सभागृहमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी ती विधामा अवार्ड प्रदान गर्नेछ । जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट खेल पत्रकारिता अवार्डमा नगदसहित अवार्ड वितरण गर्नेछ ।

तीमध्ये उत्कृष्ट खेल पत्रकारिता अवार्ड यसपालि २ पत्रकारले पाउनेछन् ।

# पोखरा...

बताए । सुरताल एइभेन्ट प्रा.लि. र पोखरा महानगरपालिका १४ को व्यबस्थापनमा नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश कार्यालयको प्रबर्द्धनमा उत्त महोत्सव सुरु भएको मिडिया संयोजक भिमपाणि बराललेे जनाए ।

खास्टेताल २ सय ६९ हेक्टर क्षेत्रफलमा फैलिएको छ भने सय हेक्टर क्षेत्रफल पानीले ढाकिएको अबस्थामा रहेको छ । त्यसै गरी खास्टेसंगै जोडिएको अर्को ताल न्यूरिनी ताल १८ हेक्टर क्षेत्रफलमा फैलिएको छ भने १० हेक्टर क्षेत्रफल पानीले ढाकिएको भाग रहेको समितिले जनाएको छ । खास्टे ताल भन्दा करिब ५ सय मिटर टाडाको दुरीमा रहेको गुंदे ताल भने ६१ हेक्टर क्षेत्रफलमा फैलिएको छ भने २० हेक्टर क्षेत्रफल मात्र पानीले ढाकिएको अबस्थामा रहेको छ । पोखरामा हाल साविक लेखनाथमा ७ सहित ९ वटा ताल रहेका छन्। उत्त तालहरु रामसार सुचिमा सुचिकृत भएका छन् ।

# २४ घण्टामा १२० कोरोना संक्रमित

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पछिल्लो २४ घण्टामा १२० कोरोना सङ्क्रमित भएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कूल दुई हजार ८९१ जनाको आरडिटी पिसिआर परीक्षण गर्दा उक्त सङ्ख्यामा कोरोना सङ्क्रमित भएको पाइएको हो । मन्त्रालयका अनुसार काठमाडौंमा कूल ४१ नयाँ सङ्क्रमित फेला परेका छन् । त्यस्तै भक्तपुरमा १९, कास्कीमा १९ नै सङ्क्रमित फेला पर्दा, दाङमा छ, ललितपुरमा पाँच, मोरङ र रुपन्देहीमा चार/चार जना संङ्क्रमित भएका छन् ।

सल्यान र डोटीमा तीन/तीन जना, तनहुँ, पाल्पामा दुई/दुई जना, खोटाङ, झापा, सुनसरी, पर्सा, चितवन, रामेछाप, सिन्धुपाल्चोक, गोरखा, म्याग्दी, बाँके, कञ्चनपुर र कैलालीमा एक/एक जना कोरोना सङ्क्रमति फेला परेका छन् ।

# महिलामन्त्रीद्वारा बालगृह स्थापनाका लागि अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुलीकुमारी महतोले तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ढकालटारमा बालगृह स्थापनाका लागि स्थलगत अनुगमन गरेकी छन् ।

नेपाल विद्युत् प्राधिकरणका स्वामित्वमा रहेका जग्गामा मन्त्रालयले बालगृह स्थापना गर्ने भएको छ । प्राधिकरणको स्वामित्वमा रहेको जग्गा मन्त्रिपरिषद्बाट निर्णय गराएर बालगृह स्थापनाको कामलाई छिटो अगाडि बढाउनुपर्ने मन्त्री महतोले बताइन । अनुगमनका क्रममा मन्त्री महतोले सङ्घीय आयोजना कार्यान्वयन एकाइ कार्यालय पोखराका इञ्जिनीयरलाई स्टिमेट गर्न निर्देशन दिइन । ढकालटारमा प्राधिकरणको स्वामित्वको ५४ रोपनी जग्गा छ । त्यसमध्ये २८ रोपनी जग्गामा बालगृह निर्माण गर्न लागिएको आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिए ।

अनुगमनमा सहभागी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले बालगृह निर्माणका लागि गाउँपालिकाले गर्नुपर्ने सहयोगको प्रतिबद्धता व्यक्त गरे ।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# स्वास्थ्य मापदण्डलाई पालना गरौं

एक वर्ष अघि कोरोना संक्रमण फैलिन नदिन एकहप्ताका लागि गरिएको लकडाउन करिब चार महिना कायम रहेको थियो । लकडाउन नगरेको भए कोरोना संक्रमण भयावह हुने रहेछ भन्ने महसुस सबैले गरेका छन । लकडाउन हटेपछि स्वास्थ्य मापदण्ड पालनामा बेवास्ता गरिएकाले संक्रमित बढे । भिडभाड बढ्ने र चाडपर्वका बेला संक्रमण ह्वात्तै बढ्यो । कोभिड-१९ विरुद्धको खोप शुरु भएपछि जनतामा पलाएको उत्साह युरोप र भारतमा कोरोना संक्रमितको संख्या बढ्न थालेपछि फेरि एक वर्ष अघिको अवस्थाको स्मरण गराएको छ । कोरोना संक्रमणको जोखिमलाई रोक्न स्वास्थ्य मन्त्रालयले भारतबाट नेपाल प्रवेश गर्ने नाकामा निगरानी बढाउनुपर्ने कोभिड संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) लाई सुझाव दिएको छ । मन्त्रालयले विहिबार आठबुँदे निर्णयसहितको सुझाव पत्र सीसीएमसीलाई पठाएर सावधानी अपनाउने र सबैलाई सतर्क रहन संझाएको छ ।

भारत, बेलायत, जर्मनी, फ्रान्स लगायत युरोपेली मुलुकमा बढेको भाइरस संक्रमणको जोखिम नेपालमात्त समेत बढेको स्वास्थ्य मन्त्रालयले जनाइएको छ । सरकारलाई समयमै संझाउने काम जनस्वास्थ्यविद्ले गर्दै आएका हुन । विदेशबाट आउनेले संक्रमण फैलाउन सक्ने संभावना बढी रहने गरेको छास्वास्थ्य मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय आगमन तथा प्रस्थान कक्षमा निगरानी बढाइ स्वास्थ्य परिक्षणमा सक्रियता बढाउन सुझाव दिएको छ । सरकार र नागरिकलाई समेत स्वास्थ्य मापदण्ड फेरि ब्यवहारमा आउने आशा गर्न सकिन्छ ।

संक्रमण बढ्ने सम्भावना भएकाले मन्त्रालयले पूर्वतयारी योजना बनाउने कुरा उल्लेख छ । सञ्चालनमा रहेका नेपाल-भारत सीमानाकालाई पुनरावलोकन गर्न र संक्रमण दर उच्च हुन पुगेका नाका घटाउनेतर्फ गृह मन्त्रालयले आवश्यक गृहकार्य गर्न पनि स्वास्थ्य मन्त्रालयले सुझाइएको छ । नाका स्वास्थ्य परीक्षणका मापदण्ड पूर्णरुपमा कार्यान्वयन गर्न लगाउने, शंकास्पद व्यक्तिको एन्टिजेन परिक्षण गर्ने, संक्रमितलाई होम आइसोलेसनमा लैजान जिल्ला संकट व्यवस्थापन केन्द्रलाई निर्देशन दिने निर्णय पनि मन्त्रालयले गरेको छ । खुला हुने वितिक्कै कोरोना संक्रमण नियन्त्रणमा आइसकेको झै गरेर गतिविधि हुने गरेको छ । स्वास्थ्य मापदण्ड पालना अरुका लागि गरिदिएको जस्तो ठान्ने गरिएको छ । त्यही प्रवृत्तिले गर्दा पर्यटन क्षेत्र अन्तर्गत सञ्चालन हुने रात्रीकालिन कार्यक्रममा स्वास्थ्य मापदण्ड अनिवार्यरुपमा पालना गर्न लगाउने, राती ९ बजेपछि रात्रीकालिन कार्यक्रम बन्द गर्न लगाउने, गर्नैपर्ने कार्यक्रममा सीमित व्यक्तिमात्र उपस्थित हुनुपर्ने निर्णय छ । अनुगमन चाहिँ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्नुपर्ने भनिएको छ । सबै आआफ्नो काम र क्षेत्रमा जिम्मेवार नबनेसम्म कोरोना संक्रमणको त्रास कायमै रहनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : शारिरीक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।






**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# 'प्रति असर'को डरले खाँदैनन् हात्तीपाइलेको औषधि

**पोखरापत्र संवाददाता**
**गलकोट, १२ चैत**

लगातार छ वर्ष औषधि सेवन गरेर निवारण गर्ने भनिएको हात्तीपाइले रोग बागलुङमा भने १२ औँ पटक अभियान सञ्चालन गर्न थालिएको छ । बागलुङमा यही चैत २० गतेदेखि १२ औँ चरणको हात्तीपाइले रोग विरुद्धको अभियान शुरु गरिने स्वास्थ्य कार्यालयले जनाएको छ ।

लगातार छ पटक औषधि खाएमा मात्र रोगको जोखिमबाट बच्न सकिने बताउँदै यसअघि ११ औँ पटकसम्म अभियान चलाए पनि हात्तीपाइले निवारण नभएपछि अहिले १२ औँ चरणको अभियान शुरु गर्न लागिएको स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले बताउनुभयो । बाह्रौं चरणको अभियान शुरु गर्नुभन्दा पहिले हात्तीपाइले प्रभावित क्षेत्र नारायणस्थान र कुस्मिशेरामा चौथो पटकको नमूना सङ्कलन गरिएको थियो । नमूना सङ्कलन गर्दा नारायणस्थानमा आठ र कुश्मिसेरामा दुई जनामा हात्तीपाइले पोजेटिभ देखिएपछि पुनः दुई वर्षका लागि अभियान थालिएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौँले जानकारी दिनुभयो ।

"हात्तीपाइलेको निवारण अभियान प्रभावकारी भएन भन्ने कुरा यसबाट बुझ्न सकिन्छ, नागरिकस्तरबाटै जागरुक नभए सम्म बागलुङमा यस्तो अभियान चलाइराख्नु पर्ने देखियो", गुरौँले भन्नुभयो "हात्तीपाइले अभियान दोहोर्‍याउनु पर्नेमा मुख्य कारण औषधिको प्रति असरको डर देखिन्छ, ५९ प्रतिशत नागरिकमा यस्तो समस्या सर्वेक्षणका क्रममा पाइयो, अब यो भ्रमलाई सबै मिलेर चिर्न आवश्यक छ ।" गुरौँका अनुसार औषधि अनिवार्य नभएको तथा चेतनाको अभावमा हात्तीपाइलेको औषधि नखाने प्रचलन अझै कायम छ ।

बुधबार आयोजना गरिएको पत्रकार अन्तरक्रिया कार्यक्रममा सहजीकरण गर्दै स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक शर्माले सन् २०२२ सालभित्र नेपालमा हात्तीपाइले निवारण गर्ने भनिए पनि बागलुङ जस्ता निवारण नभएका १२ जिल्लाका कारण यो अभियान बढाएर २०२८ सम्म पुर्याइएको बताउनुभयो । हात्तीपाइले निवारण नहुनुका कारण अध्ययन गर्ने क्रममा गत वर्ष औषधि सेवन नगर्ने मध्ये ५९.८ प्रतिशतले प्रतिअसरको डरले औषधि नखाएको तथ्याङ्क सङ्कलन गरिएको शर्माको भनाइ छ । सन् २०१० बाट शुरु भएको हात्तीपाइले निवारण अभियानमा शुरुको वर्ष ८० प्रतिशतले औषधि सेवन गरेका थिए तर पछिल्लो अभियानमा यो घट्दै गएको र २०२० मा पुनः ८७.५ प्रतिशतले औषधि सेवन गरेको जनाइएको छ । औषधि सेवन नगर्ने सङ्ख्यालाई १०० प्रतिशत मान्दा ५९.८ प्रतिशतले प्रति असरको डरले औषधि नखाएको, १९.६ ले आवश्यक नभएको भन्दै नआएको, ७.६ प्रतिशतले औषधि खुवाउन नआएको वा थाहा नपाएको, ११ प्रतिशतले चेतना नभएर र २.१ ले धेरै औषधि भएको कारण देखाउँदै औषधि नखाएको बताएका थिए । पाँच वर्ष लगातार हात्तीपाइलेको औषधि खुवाइसकेपछि नमूना परीक्षण हुन्छ, उक्त नमूना परीक्षणमा जम्मा नमूना सङ्ख्याको दुई प्रतिशतभन्दा कम पोजेटिभ आएमा निवारण हुन्छ । नत्र दुई वर्ष पुनः अभियान चलाउनुपर्ने हुन्छ । बागलुङमा भने तीन पटकसम्म नमूना परीक्षण गर्दा हात्तीपाइले निवारण नभएको पाइएका कारण चौथो पटकको नमूना सङ्कलन गर्दा समेत १० जनामा पोजेटिभ भेटिएको थियो ।

जिल्लाको बागलुङ नगरपालिका-१४ नारायणस्थानमा पटक-पटक हात्तीपाइलेको जीवाणु भेटिँदा सिङ्गो जिल्लाभर औषधि खुवाउनुपर्ने अवस्था आएको स्वास्थ्यकर्मीको भनाइ छ । सङ्क्रमण एक प्रतिशतभन्दा कम भएमा जनस्वास्थ्य समस्याको रूपमा नलिने र निवारणको मान्यता दिने प्रचलन रहेकोमा त्यो हुन नसकेकाले बागलुङमा १२ औँ पटक हात्तीपाइले अभियान सञ्चालन गर्नुपर्ने अवस्था आएको हो । हात्तीपाइले विरुद्धको औषधि सेवनमा नागरिकको बेवास्ता, लगातार औषधि नखानु र लामखुट्टेको प्रकोपका कारण निरन्तररूपमा अभियान चलाइराख्नु परेको र जबसम्म निवारण हुँदैन तबसम्म सबैले औषधि खानुपर्ने स्वास्थ्य कार्यालय बागलुङका प्रमुख गुरौँले बताउनुभयो । विश्वका धेरै देशमा अभियान सफल भएर हात्तीपाइले निवारण भइसके पनि नेपालमा भने यो समस्याले केही सकस बनाएको छ । हात्तीपाइले आफूले मात्र औषधि खाएर जोखिमबाट पूर्णरूपमा बँच्न सकिँदैन । अरु कसैलाई हात्तीपाइले छ र उसलाई टोकेको लामखुट्टेले टोकेमा पनि हात्तीपाइले हुन सक्ने स्वास्थ्यकर्मी बताउँछन् । बागलुङमा दुई लाख ६४ हजार ८३६ जनालाई हात्तीपाइले रोग विरुद्धको औषधि खुवाइने स्वास्थ्य कार्यालयले जनाएको छ । अभियानमा दुई वर्षमुनिका बच्चा र गर्भवतीलाई औषधि खुवाइने छैन ।

# अति सीमान्तकृत बराम समुदायको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
**गोरखा, १२ चैत**

बारपाक सुलिकोट गाउँपालिकाले बराम समुदायको निःशुल्क स्वास्थ्य बीमा गरिदिएको छ ।

गाउँपालिकाले जागिर खाइरहेका, सरकारी सेवा सुविधा तथा पेन्सन सुविधा पाउँदै आएकाबाहेक ती समुदायका अन्य सबैका बीमा गर्न शुरुआत गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो । "पालिकाभित्रका करिब दुई हजारभन्दा बढी बराम समुदायको स्वास्थ्य बीमा गरिएको छ", उहाँले भन्नुभयो, "अतिसीमान्तकृतभित्र पनि आयस्रोत नै नभएका घरपरिवारको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिएको हो ।" बिरामी भइहाले उपचार गर्न सक्ने अवस्थामा नै नरहेका परिवारको स्वास्थ्योपचारमा पहुँच पुर्‍याउने उद्देश्यले गाउँपालिकाले सो समुदायलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गरिदिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाले अहिलेसम्म करिब ५१३ घरधुरीका दुई हजार २३ को निःशुल्क स्वास्थ्य बीमा गराइसकेको अध्यक्ष भट्टले जानकारी दिनुभयो । "केही वडामा अझै बीमा गराउन बाँकी नै छ", उहाँले भन्नुभयो, "दर्ता सहयोगीको व्यवस्थापन भएलगत्तै बाँकी रहेका वडाका बराम समुदायका परिवारको पनि बीमा गरिनेछ ।" आफैँले खर्च गरेर स्वास्थ्य बीमा गर्न नसक्ने परिवारका लागि गाउँपालिकाले ल्याएको कार्यक्रमले खुशी भएका छन् । गाउँपालिकाले वडा नं ३ का ३०६, ४ का २६६, ६ का ५८३, ७ का ३९७ र वडा नं ८ का ४७१ जनाको निःशुल्क स्वास्थ्य बीमा गरिदिएको उहाँले जानकारी दिनुभयो । बीमा गराएको परिवारको स्वास्थ्य बीमावापतको तिर्नुपर्ने रकम गाउँपालिकाले व्यहोरेको अध्यक्ष भट्टले बताउनुभयो ।

"बीमा गराएका सबैको बिमा शुल्कवापतको कूल रु १९ लाख २३ हजार ५५० रकम स्वास्थ्य बीमा बोर्डलाई गाउँपालिका उपलब्ध गराइसकिएको छ", उहाँले भन्नुभयो, "बीमा गराउन बाँकी बराम समुदायका घरपरिवारको बीमावापतको रकम पनि गाउँपालिकाले नै व्यहोर्नेछ ।" स्वास्थ्य बीमा गराउन बोर्डले खटाएका गणक घरघरमा पुगेर बीमा गराएको बीमा बोर्ड जिल्ला कार्यालयले जनाएको छ ।

# चितवन मेडिकल कलेजमा कलेजो प्रत्यारोपण शुरु

**रासस**
**चितवन, १२ चैत**

चितवन मेडिकल कलेजले सफल कलेजो प्रत्यारोपण गरेको छ । कलेजले यही चैत ८ गते ५४ वर्षीया धनकुमारी लामाको कलेजो प्रत्यारोपण गरिएको जनाएको छ ।

एक वर्षदेखि काठमाडौँमा उपचार गराउँदै आउनुभएका भरतपुर महानगरपालिका-१० स्थायी घर भई हाल काठमाडौँ बस्दै आउनुभएका लामालाई उहाँकी छोरी उषा तामाङले कलेजो दान गर्नुभएको थियो । राजधानी बाहिर कलेजो प्रत्यारोपण सेवा सञ्चालनको अनुमति लिई पहिलो पटक सफल प्रत्यारोपण गरिएको अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । कलेजो प्रत्यारोपणमा विशेषज्ञ चिकित्सक सर्जन डा सञ्जय यादव, डा एकानन्द सिंह, डा प्रवीण जोशी, डा जयन्तकुमार साह, डा अभिषेक भट्टराई, एनेस्थेसियोलोजिष्ट डा किरण अधिकारी, डा सुरेश गौतम, डा नवीन यादवलगायतको समूहले सफल प्रत्यारोपण गरेको बताइएको छ । विगत वर्षदेखि कलेजो प्रत्यारोपणका लागि आन्तरिक तयारी गरिरहेको कलेजले आवश्यक सबै उपकरण, दक्ष प्राविधिक जनशक्ति र कलेजोसम्बन्धी विशेषज्ञका प्रयासबाट कलेजो प्रत्यारोपण गरेको उहाँको भनाइ छ । कलेजो प्रत्यारोपणका लागि चार सर्जन, तीन क्रिटिकल केयर, तीन एनेस्थेसियोलोजिष्ट र १० विशेषसहितको टोली अस्पतालमा छ । नेपालमा नै उपचार र शिक्षणमा अग्रणी मानिने कलेजका प्रबन्ध निर्देशक एवं अध्यक्ष प्रा डा हरिशचन्द्र न्यौपानेले सफल रूपमा कलेजो प्रत्यारोपण गर्नु कलेजको उपलब्धिका रूपमा लिइएको बताउनुभयो ।

भक्तपुरको मानव अङ्ग प्रत्यारोपण केन्द्र र काठमाडौँको शिक्षण अस्पतालमा कलेजो प्रत्यारोपण हुँदैआएको छ । यहाँ उपचारका लागि रु २५ लाख लाग्ने उहाँले जानकारी दिनुभयो । अहिले अस्पतालमा कलेजोको उपचारका लागि दैनिक १० देखि २० जना आउने गरेको र तीमध्ये २० प्रतिशत कलेजो प्रत्यारोपण गर्नुपर्ने बिरामी रहेको अस्पतालले जनाएको छ । अस्पतालले विसं २०७६ वैशाखमा कलेजो प्रत्यारोपणका लागि अनुमति लिएको थियो ।

# ढोरपाटनमा दोस्रो सिजनको शिकार शुरु

**पोखरापत्र संवाददाता**
**बलेवा, १२ चैत**

विदेशी साहसी शिकारीको रोजाइमा पर्ने नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटनमा दोस्रो सिजनको शिकार शुरु हुने भएको छ । कात्तिक र चैतमा गरेर दुई सिजनमा यहाँ सिकार हुन्छ । अघिल्लो वर्षदेखि कोरोना सङ्क्रमण र लकडाउनले अलपत्र परेको शिकार यो वर्षको पहिलो सिजनमा पनि शुरु हुन सकेको थिएन ।

यो पटक आठ वटा नाउर र चार झारलको शिकार हुन लागेको आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले जानकारी दिनुभयो । हरेक वर्ष कात्तिक र चैतमा दुई सिजन शिकार खुल्ने गरेको छ । चालु वर्षको दोस्रो सिजनका लागि स्पेनका तीन, अमेरिकाका एक, रसियाका एक, युक्रेनका एक र फ्रान्सका दुई गरी आठ शिकारीले शिकार गर्ने छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले १० नाउर र छ झारलको लागि खुलाएको बोलपत्र आह्वानमा सोचेभन्दा थोरै शिकारी आएको आरक्ष कार्यालयले जनाएको छ । शिकारी आउने देशमा अझै कोरोना सङ्क्रमणको समस्याले थोरै आएको अनुमान गरिएको छ । आएका शिकारीलाई आरक्ष कार्यालयले ब्लकअनुसारको क्षेत्र तोकेर पठाउने काम गर्ने सहायक संरक्षण अधिकृत सूर्य खड्काले बताउनुभयो ।

आरक्षका अनुसार ग्लोबल सफारिज नेपालले तीन नाउर र एक झारल, नेपाल ट्राभल्स एक्सपिडिसन प्रालिले चार नाउर र दुई झारल, हिमालयन सफारिजले एक झारल र एक नाउर शिकार गर्न पाउने अनुमति लिएका हुन् । विश्वव्यापी कोरोनाले शिकार प्रभावित भएको ग्लोबल सफारिज नेपाल प्रालिले जनाएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ११ अनुसार कुनै पनि व्यक्तिले शिकार अनुमतिपत्र लिएर शिकार खेल्न पाउने व्यवस्था छ ।

विभागले तोकेअनुसारको राजस्व बुझाउने र हतियार चलाउन सक्ने लाइसेन्ससमेत भएको व्यक्तिले मात्र शिकार अनुमतिपत्र लिन पाउने व्यवस्था छ । नेपाली र विदेशी जुनसुकै नागरिकले पाउने भए पनि अहिलेसम्म विदेशी शिकारीले मात्रै अनुमति लिएर शिकार गरिरहेका छन् । स्थानीय सहयोगीका रूपमा भने उनीहरूले बागलुङलगायत विभिन्न क्षेत्रका व्यावसायिक शिकारीलाई साथ लिने गरेका छन् । ढोरपाटनमा शिकार गरेपछि अधिकांश शिकारीले मासु खाएर सिङ, खुर र छाला मात्रै आफ्नो देशमा लैजान्छन् । अन्तर्राष्ट्रिय तहमा हुने प्रतियोगितामा उनीहरूले सिङको प्रतिस्पर्धा गरेर ट्रफी जित्ने गरेका छन् ।

# दमौलीको खेलमैदान दोहोरो चपेटामा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ चैत**

तनहुँको सदरमुकाम दमौलीस्थित खुला मैदान दोहोरो चपेटामा परेको छ । व्यास नगरपालिकाले उद्यान र मञ्च निर्माण प्रक्रिया अघि बढाएको तथा सामाजिक सञ्जाल र स्कूल अफ डेमोक्रेसी नेपाल तनहुँले यथास्थितिमा राख्न माग गरेका छन् । पाँच वर्षअघिको सर्वदलीय बैठकबाट निर्णय भएकाले नगरबासीकै हितका लागि संरचना निर्माण गर्न लागिएको नगरपालिका कार्यालयले जनाएको छ ।

स्कूल अफ डेमोक्रेसीले मङ्गलबार मात्रै हस्ताक्षरसहित जिल्ला प्रशासन कार्यालय र व्यास नगरपालिकामा ज्ञापनपत्र बुझाएका थिए । खेलमैदान यथास्थितिमा राख्नुपर्ने अडानसहित प्रमुख जिल्ला अधिकारी सागर आचार्य र नगरप्रमुख बैकुण्ठ न्यौपानेलाई हस्ताक्षरसहितको ज्ञापनपत्र बुझाइएको हो । स्कूल अफ डेमोक्रेसी तनहुँका अध्यक्ष डम्बर अधिकारीले खुला मैदान दमौलीको गहना भएको हुँदा यसलाई जोगाएर राख्नुपर्ने र र संरचना बिगार्न नहुने बताउनुभयो । भूकम्पलगायत प्रकोप, आकस्मिक हेलिकोप्टर अवतरण, ज्येष्ठ नागरिक तथा बालबालिकाका हिँडडुल गर्नसमेत खुला मैदान आवश्यक पर्ने उहाँको भनाइ थियो ।

नगर प्रमुख न्यौपानेले विभिन्न सभासम्मेलन र कार्यक्रम आयोजना गर्दा अभाव भएको हुँदा मञ्च निर्माण गरिएको बताउँदै अन्य संरचना निर्माण गर्ने विषयमा नगरपालिका छलफलका लागि तयार रहेको जनाउनुभयो ।

# प्याराग्लाइडिङको रौनक

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ चैत**

पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना बोकेको सो क्षेत्रमा एक पटक पुगेका पर्यटक पुनः दोहोर्‍याएर जाने गरेका छन् । बन्दीपुरको पाराग्लाइडिङ पर्यटकको रोजाइमा पर्न थालेपछि भीड बढ्न थालेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिनुभयो ।

"बन्दीपुरमा आन्तरिक पर्यटक बढ्दै गएको र प्याराग्लाइडिङमा रमाउनेको सङ्ख्या पनि वृद्धि हुन थालेपछि व्यवसायी खुशी हुन थालेको छ", उहाँले भन्नुभयो । साहसिक पर्यटकका लागि बन्दीपुरको थानीमाई डाँडाबाट प्याराग्लाइडिङ गरी बन्दीपुर-२ स्थित भूमर्सेमा अवतरण गर्ने व्यवस्था मिलाइएको छ । पोखराको ब्लु स्काइ कम्पनीले पर्यटकलाई ल्याएर प्याराग्लाइडिङ गराउँदै आएको बताइएको छ । दिनहुँ नभए पनि कुनैकुनै दिन २० देखि ५० जनासम्म पर्यटक ल्याएर प्याराग्लाडिङ गराउँदा बन्दीपुरमा छुट्टै रौनक थपिएको छ ।

ब्लु स्काइले पर्यटकलाई प्याकेज बनाएर उडाउने गरेको समितिले जनाएको छ । उक्त कम्पनीले तीन वर्ष अघिदेखि नै कम्पनी दर्ता गरी प्याराग्लाइडिङ थालेको समितिका अध्यक्ष प्रधानले बताउनुभयो । विगत वर्षमा चीन, अमेरिका, फ्रान्स, इटाली, जर्मनीलगायतका पर्यटक आउने गरेकामा कोरोना भाइरसको प्रभावले गर्दा आन्तरिक पर्यटक मात्रै आकाशमा रमाउने गरेका छन् ।

एक किसिमको हावा आइरहने भएकाले बन्दीपुर प्याराग्लाइडिङको लागि उपयुक्त स्थान मानिएको छ । बन्दीपुरको प्याराग्लाइडिङबाट हिमाल, हरियाली डाडाँकाँडा, सुन्दरबस्ती, टार, नदी, खोलाका साथै अन्य रमणीयस्थल देख्न सकिने भएकाले विदेशी पर्यटकको आकर्षणको केन्द्र बनेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो ।

# विदेशबाट आउने १० दिन एकान्तबास बस्नुपर्ने

पोखरापत्र संवाददाता
म्याग्दी, १२ चैत

म्याग्दीमा छिमेकी देश तथा अन्य मुलुकबाट आउनेलाई अनिवार्य १० दिन दिन क्वारेन्टिन (एकान्तबास) मा राखिने भएको छ। जिल्ला प्रशासन कार्यालयमा बुधबार बसेको सर्वपक्षीय बैठकले कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन पूर्वतयारी, सतर्कता र व्यवस्थापनका लागि १५ बुँदे निर्णय र मापदण्ड तयार गरेको हो।

बैठकले विदेशबाट जिल्ला भित्रिनेलाई अनिवार्य १० दिन क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था गरेको छ। प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले भारतमा कोरोनाको दोस्रो लहर शुरु भएकाले यसको प्रभाव नेपालमा पनि पर्ने भएका कारण विदेशबाट जिल्लामा भित्रिनेलाई अनिवार्य क्वारेन्टिनमा राख्ने निर्णय गरिएको जानकारी दिनुभयो। अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन नीलगिरिखोला जलविद्युत् आयोजनामा काम गर्न भारतबाट आएका चार मजदुर र जिल्ला कारागारका एक कैदीमा मङ्गलबार कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको थियो। भारतबाट आएका मजदुरमा कोरोना पुष्टि भएपछि विदेशबाट आउने र घर बिदामा आउनेलाई १० दिन अनिवार्य क्वारेन्टिनमा राखेर घर पठाउने निर्णय भएको स्वास्थ्य कार्यालय म्याग्दीका निमित्त प्रमुख एकनारायण लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकले स्वास्थ्य मापदण्डलाई पूर्णरूपमा कार्यान्वयन गर्ने, मास्कको अनिवार्य प्रयोग, स्थानीय तहमा क्वारेन्टिन, आइसोलेसन कक्षलाई पुनः सञ्चालनमा ल्याउने र पिसिआर परीक्षणको दायरा फराकिलो बनाउने निर्णय गरेको छ। त्यसैगरी बेनी अस्पतालमा स्वास्थ्यजाँचलाई व्यवस्थित बनाउने र हरेक निजी तथा सार्वजनिकसङ्घसंस्थाले अनिवार्य साबुनपानीले हात धुने व्यवस्था मिलाउनेलगायतका निर्णय भएको छ। कोरोना सङ्क्रमणको जोखिम बढेसँगै जिल्लामा भीडभाड हुने कार्यक्रमलाई समेत कडाइ गरिने भएको छ। काममा आउने मजदुरलाई कोरोना परीक्षण तथा क्वारेन्टिनमा नराखी काममा खटाइएको अवस्थामा सम्बन्धित कम्पनी तथा व्यक्तिलाई कारवाही गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। बैठकमा सहभागी केही प्रतिनिधिले भने विदेशबाट आउनेलाई क्वारेन्टिनमा राख्ने तर विभिन्न ठाउँमा मानिसको भीडभाड हुने मेलाजात्रा र महोत्सव नियन्त्रणमा बेवास्ता गरिएको भन्दै निर्णयप्रति असहमति जनाएका छन्। राष्ट्रिय जनमोर्चा म्याग्दीका अध्यक्ष छवि विश्वकर्माले सङ्घीय सरकारले जारी गरेको निर्देशन र आग्रहविपरीत म्याग्दीमा मेला महोत्सवलाई सहयोग पुग्ने हिसाबले केही व्यापारीको दबाब र प्रभावमा उनीहरू अनुकूलको निर्णय गरिएको भन्दै असन्तुष्टि जनाउनुभएको छ।

दरबाङमा चैत अन्तिम हप्तादेखि मालिका महोत्सव र बेनीमा नयाँ वर्षको अवसरमा लोक सांस्कृतिक उत्सवको आयोजना गरिएको छ। यसैगरी फागुपूर्णिमा पर्वको अवसरमा पनि गाउँगाउँमा मेला आयोजना भएका छन्।

# औषधि खरीदमा समस्या

पोखरापत्र संवाददाता
दमौली, १२ चैत

शुक्लागण्डकीनगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई बीमा वापतको रु एक करोड भुक्तानी नहुँदा औषधि खरिदमा समस्या भएको छ। बीमा गरेका सर्वसाधारणले उपचार केन्द्रबाट निःशुल्क औषधि पाए पनि उक्त बापतको रकम अस्पताललाई प्राप्त नहुँदा अस्पतालले औषधि खरिद गर्न नसकेको हो।

अस्पतालको आम्दानीको स्रोत नभएको र बीमा वापतको औषधिको रु एक करोड विगत छ महिनादेखि प्राप्त हुन नसकेको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले अस्पतालमा औषधि अभाव हुन नदिन छिट्टै रकम भुक्तानी गरिदिन आग्रह गर्नुभयो।

उपचार केन्द्रले फार्मेसीलाई नै औषधिवापतको रु ८० लाखभन्दा बढी भुक्तानी दिन बाँकी छ। औषधि सप्लायर्सलाई औषधि पठाउन आग्रह गरे पनि पहिलेकै भुक्तानी बाँकी भएकाले सप्लायर्सले पनि औषधि पठाउन मानेको छैन। अस्पतालमा दैनिक दुई सयसम्म बिरामी उपचारका लागि आउने गरेका छन्। त्यसमध्ये ९० प्रतिशत बीमा गरेका बिरामी आउँछन्। अस्पतालमा शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन्। पचास शय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेका अलावा भाडापखला, टाईफाईड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन्। दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रुपमा स्थापना गर्न सरकारले केही वर्षअघि पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोही अनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रका नाममा प्रदान भइसकेको छ। अस्पतालमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन्।

अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। त्यसबाहेक अस्पतालले केही दिन अगाडिबाट मात्र कल्चर सेवा पनि शुरु गरेको छ। अस्पतालले बिहान १०:०० देखि ४:०० बजेसम्म ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याब, भिडियो एक्सरे सेवा, माइनर अप्रेशनलगायतका सेवा दिइरहेको छ। मेजर अप्रेशन र पाँच शय्याको सघन उपचार कक्ष सञ्चालनको तयारी गरिएको कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिनुभयो।

अस्पतालको थप सुधार र विकासका लागि गुरुयोजना पनि बनाइएको छ। गुरुयोजना निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेको अस्पताल सञ्चालक समितिका सदस्य राम भण्डारीले जानकारी दिनुभयो। "गुणस्तरीय सेवा प्रवाहका लागि उपचार केन्द्रलाई पूर्वाधार अभाव पनि छ, सेवा सुविधा विस्तारका लागि स्वास्थ्य मन्त्रालयसँग पनि समन्वय भइरहेको छ", भण्डारीले भन्नुभयो।

# दशैंमा बन्दीपुरमा केबुलकार सरर...

पोखरापत्र संवाददाता
दमौली, १२ चैत

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन केबुलकार दशैंसम्म सञ्चालनमा आउने भएको छ। दशैंमा सर्वसाधारणलाई केबुलकार चढाउने योजनाबमोजिम धमाधम काम भइरहेको हो।

पहिलो चरणअन्तर्गतका काम लगभग सकिएकाले दशैंमा केबुलकार सञ्चालन गर्न सकिने बन्दीपुर केबुलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार बटम स्टेशनको काम सकिएको छ भने सामान पनि आइपुगेको छ। "दुई महिनाभित्र केबुलकारको टर्मिनल भवन पनि निर्माण सकिन्छ", शर्माले भन्नुभयो। कामले गति लिइरहेको बेला गत वर्ष कोभिड महामारीका कारण केही समय काम प्रभावित भएको थियो। "कोभिड महामारी नभएको भए यतिबेलासम्म केबुलकार सञ्चालनमा आइसक्थ्यो", उहाँले भन्नुभयो, "अब दशैंमा सञ्चालन गर्ने गरी तयारी गरेका छौं।" शर्माका अनुसार परियोजनाको ६५ प्रतिशत काम सम्पन्न भएको छ। पहिलो चरणमा केबुलकार सञ्चालन र दोस्रो चरणमा क्विन टावर सञ्चालन गर्ने योजना छ। पन्ध्र तल्ले क्विन टावरको सात तला ढलान सकिएको छ। बन्दीपुर केबुलकार परियोजना दक्षिण एशियामा नै फरक उद्देश्यसहित निर्माण भइरहेको छ। केबुलकार सिधै चारतारे होटेलमा प्रवेश गर्नेछ। होटेलबाट सूर्योदय देख्न सकिनेछ। यहाँ सिसमहल, वाक्स म्युजियम, प्लानेटेरियम, भूत बङ्गला, एक हजार क्षमताको सम्मेलन केन्द्र, रेस्ट्रो जोन, स्वीमिङ पुल र ६६ कोठा रहनेछन्। माथिल्लो स्टेशनमा निर्माण हुने क्विन टावरको लागत रु ८० करोड छ। कम्पनीले परियोजना थप आकर्षक बनाउन संसारकै अग्लो बन्जीजम्प, अग्लो मेकानिकल स्वीङ, म्युजिकल वाटर शोसमेत बनाउने तयारी गरेको सञ्चालक तारानाथ उपाध्यायले जानकारी दिनुभयो। परियोजनाले दशौं हजार पर्यटक बन्दीपुरमा भित्र्याउने रणनीतिक योजना बुनेको कम्पनीको दाबी छ। बन्दीपुर गाउँपालिका-४ ढूल्दुङ्गामा तल्लो स्टेशन र सोही वडाको बरालथोकमा माथिल्लो स्टेशन रहनेछ। ढूल्दुङ गास्वाँराबाट बरालथोकसम्म जोडिने केबुलकारबाट घण्टामा २००वारपारगर्नसकनेछन्।एशियाकै ठूलो दाबी गरिएको विमलनगर स्थित सिद्धगुफा र प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त बन्दीपुर घुम्न आउने पर्यटकका लागि आकर्षणको केन्द्रविन्दु बन्ने विश्वास लिइएको छ। ढूल्दुङ गास्वाँराबाट शुरू हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ। केबुलकारले एक किलोमिटर ६०० मिटर यात्रा गर्नेछ।

केबुलकार परियोजनाका लागि दुई बैंकले कर्जा लगानी गरेका छन्। बैंकिङपार्टनरको रूपमा नेपाल एसबिआई बैंक र एनएमबी बैंक लिमिटेड छन्। बन्दीपुर केबलकार एण्ड टुरिजमको लागत रु एक अर्ब ६६ करोड ८९ लाख रहेकामा स्वपूँजी र कर्जा अनुपात ३९/६१ रहेको छ। परियोजनामा आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन लिमिटेड र टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेडको ६१ प्रतिशत, पञ्चासे केबुलकार एण्ड टुर्स लिमिटेडको २५ प्रतिशत, बन्दीपुर गाउँपालिकालगायत स्थानीय लगानीकर्ताको १४ प्रतिशत शेयर रहेको छ।

# नेपालसहित नेताको स्पष्टिकरणको जवाफ प्राप्त

रासस
काठमाडौं, १२ चैत

नेकपा (एमाले)का नेता माधवकुमार नेपालसहित चार नेताले पार्टीले सोधेको स्पष्टीकरणको जवाफ दिनुभएको छ।

एमाले नेताहरू नेपालसहित भीमबहादुर रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसालले पार्टीद्वारा सोधिएको स्पष्टीकरणको जवाफ आज दिनुभएको पार्टी मुख्यालयका कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिनुभयो।

यही चैत ७ गते बसेको पार्टीको केन्द्रीय कमिटी बैठकले पार्टीविपरीतका गतिविधि गरेको भन्दै उहाँहरूलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। "चारै नेताको स्पष्टीकरण पत्र प्राप्त भएको छ", उहाँले भन्नुभयो, "पत्रका के जवाफ लेख्नुभएको छ हेरिएको छैन।" यही चैत ८ गते महासचिव ईश्वर पोखरेलले पत्र लेख्दै उहाँहरूले पार्टी हितविपरीत गतिविधि गरेको भन्दै एमालेको विधानको दफा ४९ को १, २, ३, ४, ५, ६, ७, ९ र १४ अनुसार कारवाही किन नगर्ने भन्दै स्पष्टीकरण सोध्नुभएको थियो।

स्पष्टीकरणको जवाफमा उहाँहरूले आफूहरू पार्टी विरोधी गतिविधि नगरेको र नवौं राष्ट्रिय महाधिवेशनको निर्णय र निर्देशन तथा पार्टी विधान र पद्धतिमा रहेको जवाफ पठाउनुभएको छ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई सर्वोच्च अदालतले मान्यता नदिएपछि र एमाले र नेकपा (माओवादी केन्द्र) लाई पहिल्यैकै अवस्थामा ब्युताएपछि एमालेमा अध्यक्ष केपी शर्मा ओली र अर्का नेता नेपालबीच तिक्तता पैदा भएको छ। नेता नेपालले प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीले संसद् विघटन गर्ने निर्णयविरुद्ध उभिनुभएको थियो। एमाले ब्युँतिएपछि गत फागुन २८ गते बसेको एमालेको केन्द्रीय कमिटी बैठकमा माओवादी केन्द्रका नेता रामबहादुर थापा, टोपबहादुर रायमाझी, प्रभु साह, मणि थापालगायत २३ जनालाई केन्द्रीय सदस्यमा आफ्नो सहभागिताविना मनोनीत गरेको भन्दै नेपाल समूह असन्तुष्ट हुँदै आइरहेको छ। नेता नेपाल समूहले पार्टीमा सामानान्तर गतिविधि सञ्चालन गर्दै आउनुभएको छ।

# चुम उपत्यकालाई अहिंसा क्षेत्र कायम राख्न माग

पोखरापत्र संवाददाता
गोरखा, १२ चैत

उत्तरी गोरखाको चुम उपत्यकाका स्थानीयवासीले छेकम्पार र सामागाउँमा सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट (बिओपी) स्थापना गर्दा अहिंसा क्षेत्र कायम राख्ने प्रतिबद्धता गर्न माग गरेका छन्।

चुम श्याग्गा संरक्षण समिति छेकम्पारले जिल्ला प्रशासन कार्यालयमा आज ज्ञापनपत्र बुझाउँदै त्यहाँका बासिन्दाले बिओपी स्थापना गर्दा चुम उपत्यकाको अहिंसा क्षेत्रलाई चिरकाल कायम राख्न माग गरेका छन्। ज्ञापन पत्र बुझाउदै समितिका संरक्षक निमा लामाले चुम उपत्यकाको संस्कृति परम्परानुसार त्यहाँ जीवजन्तुको हिंसा गर्न नपाइने भएकाले सशस्त्र प्रहरी बलको बिओपी स्थापना गर्दा कुनै पनि खालको हिंसा गर्न नपाइने प्रतिबद्धता गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "सुरक्षाको प्रबन्ध गर्ने कुरा सकारात्मक कुरा हो, आवश्यक पनि छ तर त्यस क्षेत्रको परम्परा संस्कृतिमा खलल पुग्न दिनुहुँदैन।" ज्ञापनपत्रमा स्थानीयवासीले चुम उपत्यका क्षेत्र जैविक विविधता खुला सङ्ग्राहालय राष्ट्रको गहना भएकाले अहिंसा संस्कृति एवं संस्कारको दिगो संरक्षण तथा संवर्द्धनका लागि सुरक्षा क्याम्पमा कार्यरत सुरक्षाकर्मीलाई चुम उपत्यकाको अहिंसासम्बन्धी छ बुँदे प्रतिबद्धता पालना गराउने व्यवस्था गर्न माग गरेका छन्।

सो प्रतिबद्धतामा चुम उपत्यकामा कुनै पनि जीव जनावर काटमार गर्न नपाइने, शिकार नखेल्ने, मह नकाड्ने, डढेलो नलगाउने, मासु प्रयोजनका लागि अहिंसा क्षेत्रमा जीवजन्तु प्रवेश नगराउने, पशुवध पूर्ण रुपमा निषेध गर्नेलगायत रहेका छन्।

त्यस्तै चुम उपत्यकाबाट मासु प्रयोजनका लागि पशुपक्षी निर्यात गर्न नपाइने त्यहाँको प्रचलन रहेको संरक्षक लामाले जानकारी दिनुभयो।

चुम क्षेत्रमा रहेका स्थानीय प्रमुख लामा तथा तत्कालीन तालुकदार एवं स्थानीयवासीले चुम उपत्यकालाई विसं १९७७ मा महागुरु करुणा अवतारी पुज्य लामा सेराप दोर्जेको रोहबरमा अहिंसा क्षेत्र घोषणा गरिएको थियो। विसं २०२७ मा सम्भोटा लिपीमा लेखिएको अहिंसासम्बन्धी प्रतिबद्धता दस्तावेजलाई विसं २०२९ मा देवनागरी लिपीमा लेखेर त्यस क्षेत्रमा रहेका सबै चुमबासीले पुज्ड अवतारी गुरु डावाङ खेन्पा समक्ष पुनः सपथ गरी अहिंसा क्षेत्रलाई कायम राख्ने प्रतिबद्धता गरिएको थियो।

# प्रविधिको प्रयोग

पोखरापत्र संवाददाता
बागलुङ, १२ चैत

गलकोट-बागलुङमा जिल्ला जनगणना कार्यालय स्थापना गरी आवश्यक तयारी शुरु गरिएको छ। अहिले गणक तथा सुपरीवेक्षक भर्ना गर्नका लागि आवेदन माग भएको कार्यालयले जनाएको छ। बागलुङमा जनगणना गर्न ४०६ गणक र १०० सुपरीवेक्षक परिचालन गरिने छ। जनगणनाका लागि कार्यालय स्थापनासँगै आवश्यक तयारीलाई तीव्रता दिइएको तथ्याङ्क कार्यालय बागलुङका प्रमुख जनगणना अधिकारी मुकुन्दप्रसाद शर्माले जानकारी दिनुभयो। शर्माले भन्नुभयो "१० वर्षअघिको जनगणनाभन्दा अहिलेको जनगणना केही वैज्ञानिक र व्यावहारिकसमेत छ, जसका कारण सरकारलाई जनताको हरेक योजना बनाउन सहज होस्।"

प्रशिक्षकले गणक र सुपरीवेक्षकलाई तालीम दिएपछि गणना गर्न शुरु गरिने शर्माको भनाइ छ। उहाँका अनुसार अहिलेको गणनामा सहयोग पुऱ्याउने गरी तालीम दिन १८ प्रशिक्षकलाई पोखरा पठाइएको र उनीहरूले एक हप्ताको तालीम लिएपछि जिल्लामा छनोट भएका गणक र सुपरीवेक्षकलाई तालीम दिनेछन्। जनगणनालाई सहज तुल्याउन जिल्ला जनगणना कार्यालयले जिल्लाका चार स्थानमा स्थानीय जनगणना कार्यालयसमेत स्थापना गर्ने तयारीमा रहेको जिल्ला जनगणना अधिकारी शर्माको भनाइ छ। भौगोलिक कठिनाइका कारण अनुगमन, सामग्रीको सहजतालगायतलाई ध्यानमा राखेर जिल्लाका १० स्थानीय तह हेर्ने गरी चार स्थानमा स्थानीय जनगणना कार्यालय स्थापना गरिने छ। बरेङ गाउँपालिका र जैमिनी नगरपालिका हेर्ने गरी जैमिनी, काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका हेर्ने गरी बागलुङ, ताराखोला गाउँपालिका तथा बडिगाड र गलकोट नगरपालिका हेर्ने गरी गलकोट तथा तमानखोला र निसीखोला गाउँपालिका एवं ढोरपाटन नगरपालिका हेर्ने गरी ढोरपाटनमा वैशाख १ गतेदेखि कार्यालय स्थापना गरिनेछ। उहाँले भन्नुभयो, "अहिलेको जनगणनामा केही मात्रामा प्रविधिकोसमेत प्रयोग गरिने छ, जनगणना दुई चरणमा समेत हुनेछ।" अहिले जनगणनाको सामग्री ल्याउने तयारीमा कार्यालय रहेको उहाँको भनाइ छ। अनलाइनमार्फत गणक र सुपरीवेक्षकका लागि आवेदन खुलाएको थियो।

त्यसैका आधारमा योग्यता, स्थानीयवासीलगायतलाई ध्यानमा राखी गणक र सुपरीवेक्षक छनोट गरिने जिल्ला गणना कार्यालयले जनाएको छ। गणकका लागि न्यूनतम कक्षा १२ र सुपरीवेक्षकका लागि स्नातक उत्तीर्ण भएको हुनुपर्ने छ।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेन्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाइड-०६, पोखरा, टुकी रिसोर्ट | ९८२६११९६७२ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
BRITISH COUNCIL